# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८, संख्या ०५, मकवानपुर, मंसिर २४ गते, २०८१ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## राक्सिराङ्ग गाउँपालकाको एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

संवत् २०८१ सालको कार्यविधि नं. १०७

# राक्सिराङ्ग गाउँपालकाको एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

राक्सिराङ्ग गाउँपालिकाबाट एक टोल एक उत्पादन कार्यक्रम मार्फत प्रवाह गरिने सेवालाई सरल, सहज, सुव्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) बमोजिम गाँउ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **"एक टोल एक उत्पादन कार्यक्रम सञ्चालन कार्यविधि २०८१"** रहनेछ ।

ख) यस कार्यविधि राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउँपालिकाः "गाउँपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिका, मकवानपुरलाई सम्झनु पर्छ ।

(ख) कार्यपालिकाः "कार्यपालिका" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) अध्यक्षः "अध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) उपाध्यक्षः "उपाध्यक्ष" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकीय अधिकृतः "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) कृषि शाखाः "कृषि शाखा" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको कृषि विकास शाखा सम्झनु पर्छ ।

(छ) पशुपन्छी शाखाः "पशुपन्छी शाखा" भन्नाले राक्सिराङ्ग गाउँपालिकाको पशुपन्छी विकास शाखा सम्झनु पर्छ ।

(ज) समितिः "समिति" भन्नाले दफा ६ बमोजिम गठित प्रस्ताव मूल्याङ्कन तथा लाभग्राही सिफारिस समिति सम्झनु पर्छ ।

(झ) कार्यालयः "कार्यालय" भन्नाले राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ञ) टोल विकास संस्थाः "टोल विकास संस्था" भन्नाले राक्सिराङ्ग गाउँपालिका वा अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका टोल विकास संस्था सम्झनु पर्छ ।

(ट) उत्पादन सामग्रीः "उत्पादन सामग्री" भन्नाले कृषि तथा पशुपन्छी उत्पादनका लागि आवश्यक सामग्रीहरु (जस्तैः बीउ, विषादी, मलखाद, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, कृषि औजार तथा उपकरण, भुरा, औषधि, खोप, नश्ल, दाना आदी) सम्झनु पर्छ ।

(ठ) कृषि पूर्वाधारः “कृषि पूर्वाधार” भन्नाले सार्वजनिक/सामुदायिक/निजी प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, नर्सरी स्थापना, घास स्रोत केन्द्र, पशु गोठ खोर निर्माण, माछा बजार, मत्स्य नर्सरी, ह्याचरी, दाना उधोग, संरक्षित संरचना, सिँचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धी विभिन्न पूर्वाधारहरु सम्झनु पर्छ ।

(ड) कृषक समूहः “कृषक समूह” भन्नाले राक्सिराङ्ग गाउँपालिकामा दर्ता भई नियमित सञ्चालनमा रहेका कृषक समूह सम्झनु पर्छ ।

(ढ) साझेदारः “साझेदार” भन्नाले यस कार्यक्रमबाट लाभ प्राप्त गर्ने वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने कृषक समूह वा टोल विकास संस्था सम्झनु पर्छ ।

(ण) आवेदकः “आवेदक” भन्नाले यस कार्यक्रममा प्रस्ताव पेश गर्ने कृषक समूह/टोल विकास संस्था सम्झनु पर्छ ।

(त) वडा कार्यालयः “वडा कार्यालय” भन्नाले राक्सिराङ्ग गाउँपालिका, मकवानपुर अन्तर्गतका वडा कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य

**३. कार्यक्रम सञ्चालनका उद्देश्यहरुः**

यस कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिमका हुनेछन् ।

(क) खाद्य सुरक्षाको प्रबर्द्धन गर्दै गाउँपालिकालाई खाद्यान्नको उत्पादन, उपलब्धता र उपयोगमा सवल बनाउनु

(ख) परम्परागत कृषि प्रणालीको आधुनिकीकरण गर्दै कृषकहरुलाई व्यवसायिक कृषितर्फ उन्मुख गराउनु

(ग)लाभापेक्षि कृषकहरुलाई उत्पादन/बजारीकरणका लागि आवश्यक सामग्री/पूर्वाधारहरु सहुलियतमा उपलब्ध गराउनु

(घ)गाउँपालिकामा कृषिबाली/पशुपन्छीको क्षेत्रफल/संख्या, उत्पादन र उत्पादकत्व बृद्दी गर्नु

(ङ)बृहत परिमाणमा उत्पादन गरी उत्पादित कृषि उपजहरुको बजारीकरण प्रवर्द्धन गर्नु

(च)आर्थिक रुपमा विपन्न वर्गको जिविकोपार्जन र उत्थानशीलतामा सहयोग गर्नु

(छ) गाउँपालिकाको ८ "अ" र ३ "च" को नीति कार्यान्वयन गर्नु

## परिच्छेद ३
## कार्यान्वयन प्रकृया

**४. प्रस्ताव आह्वानः**

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुनुपर्ने कार्यक्रमहरु सञ्चालन गर्नका लागि १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गरी गाउँपालिका अन्तर्गतका इच्छुक आवेदकहरुबाट प्रस्ताव आह्वान गर्नु पर्नेछ ।

(ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन गर्दा लक्ष्य अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले ७ दिनको समय सीमा राखी पुनः एक पटकका लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

**५. प्रस्ताव पेश गर्नु पर्नेः**

(क) गाउँपालिका वा वडा कार्यालयमा दर्ता भई सञ्चालमा रहेका इच्छुक टोल विकास संस्था वा टोलका कृषकहरु समावेश गरी गठन भएका कृषक समूहहरुले प्रस्ताव पेश गर्न सक्नेछन।

(ख) कार्यक्रममा सहभागी इच्छुक आवेदकहरुले दफा ७ बमोजिम हुने गरी अनुसूची १ बमोजिमको व्यवसायिक कार्ययोजना, अनुसूची २ बमोजिमको प्रतिवद्दता पत्र र अनुसूची ३ बमोजिमका कागजातहरु संलग्न गरी तोकिएको समयभित्र अनुसूची ४ बमोजिमको आवेदन कार्यालयमा पेश गर्नु पर्नेछ।

(ग) कार्यालयले कृषकहरुको सहजताका लागि सम्बन्धित वडा कार्यालयमा समेत प्रस्ताव/आवेदन पेश गर्न सकिने व्यवस्था गर्नु पर्नेछ।

(घ) तोकिएको समयभन्दा ढिलो गरी पेश हुने आवेदन उपर कारवाही गर्न कार्यालय बाध्य हुने छैन तर आवेदन पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगतै कार्यालय खुल्ने दिनमा पेश गर्न सकिनेछ।

## ६. लाभग्राही छनोटः

(क) गाउँपालिकाको आर्थिक विकास समितिले प्रस्ताव मूल्याङ्कन तथा लाभग्राही छनोट सम्बन्धी सम्पूर्ण कार्य गर्नेछ ।

(ख) उपदफा (क) बमोजिमको समितिले आवश्यकता अनुसार जनप्रतिनिधि वा विज्ञ कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ७. कार्यक्रमको प्रकृति, क्षेत्र र क्रियाकलापहरुः

(क) कार्यक्रम सञ्चालन हुने स्थान/टोलमा समितिको सिफारिसमा अनुसूची ५ मध्येबाट कुनै एक क्षेत्र छनोट गरी सोही क्रियाकलापलाई विस्तार गरी टोलव्यापी रुपमा सञ्चालन गरिनेछ ।

(ख) उपदफा (क) बमोजिम एकै प्रकृतीको उत्पादन गरिरहेको वा सोही प्रकृतिको उत्पादन गर्न इच्छुक कृषकहरु समावेस गरी कृषक समूह वा टोल विकास संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ग) स्वीकृत बजेट, स्थानीय माग र प्राविधिक दृष्टिकोणको परिधिमा रही अनुसूची ५ र अनुसूची ६ बमोजिमका क्रियाकलायहरु समावेश गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## ८. निरन्तरता सम्बन्धी व्यवस्थाः

(क) गाउँपालिकाले आवश्यक ठानेमा यो कार्यक्रम आगामी आ.व. मा समेत बजेट मार्फत निरन्तरता गर्न सक्नेछ ।

(ख) आगामी आर्थिक वर्षहरुका लागि स्वीकृत बजेटको परिधिमा रही समितिले कार्यक्रम सञ्चालन हुने टोल संख्या निर्धारण गर्न सक्नेछ ।

(ग) उपदफा (क) बमोजिम निरन्तरता गर्दा एक पटक कार्यक्रम सञ्चालन गरिसकेको टोल विकास संस्था/समूहले इच्छुक भई प्रस्ताव पेश गरेमा आवश्यकता यकिन गरेर पहिलो वर्षमा उत्कृष्ट प्रदर्शन गरेका संस्थाहरुलाई २ आर्थिक वर्ष नबढ्ने गरी निरन्तरता कार्यक्रम उपलब्ध गराउन सकिनेछ ।

(घ) कार्यक्रम निरन्तरता गर्दा बजारीकरण पूर्वाधार निर्माण/विकासलाई प्राथमिकता दिनु पर्नेछ ।

## परिच्छेद ४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**९. अनुदान उपलब्ध गराउन सक्ने/अनुदानमा सामग्री उपलब्ध गराउन सक्नेः**

(क) कार्यालयसँग सम्झौता भई कार्यदिश अनुसार वार्षिक कृषि विकासका कार्यक्रम वा सो अन्तर्गतका क्रियाकलाप सञ्चालन गर्ने कृषक समूह वा टोल विकास संस्थाहरुलाई सम्बन्धित प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम प्रदान गरिने अनुदान रकम सम्बन्धित लाभग्राही संस्थाको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

(ग) उपदफा (क) र (ख) मा जस्तोसुकै लेखिएको भएता पनि सामग्री खरिद र वितरणमा सिमित हुने कार्यक्रमहरुको लागि सम्बन्धित लाभग्राहीलाई कार्यालयले दफा १० बमोजिम हुने गरी अनुदानमा सामग्री उपलब्ध गराउन र सम्बन्धित आपूर्तिकर्ता/सेवा प्रदायकलाई बैंक मार्फत भुक्तानी दिन सक्नेछ।

(घ) कार्यक्रमका लागि आवश्यक सेवा/सामग्रीहरु खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र प्रचलित अन्य ऐन/कार्यविधि/निर्देशिका अनुकुल हुने गरी गरिनेछ ।

(ङ) कुनै पनि कार्यक्रम अन्तर्गत तालिम सञ्चालन गर्नु परेमा स्वीकृत टिप्पणी/आदेश र पेश हुने प्रतिवेदनका आधारमा कार्यालयबाट प्रचलित विधि अनुसार खर्च गर्न सकिनेछ ।

**१०. अनुदानको सीमाः**

(क) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा साझेदार कृषक समूह वा टोल विकास संस्थाहरुलाई अनुसूची ७ बमोजिम हुने गरी अनुदान वा अनुदानमा सामग्री उपलब्ध गराउन सक्नेछ।

(ख) लागतको बाँकी रकम सम्बन्धित लाभग्राहीबाट साझेदारी हुनु पर्नेछ ।

# परिच्छेद ५
# विविध

## ११. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेः

(क) यस कार्यक्रमको उद्देश्य अनुरुप हुने गरी समान प्रकृतीको क्रियाकलाप सञ्चालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संस्थासँग प्राविधिक तथा आर्थिक साझेदारीमा समेत यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक संघ/संस्थाहरु कार्यालयको सम्पर्कमा आउनु पर्नेछ।

(ग) यस दफा बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा कार्यालय, लाभग्राही र सम्बन्धित साझेदार संस्थाबीच त्रिपक्षीय सम्झौता गरी सोही बमोजिम सञ्चालन गरिनेछ।

## १२. दोहोरोपना हुन नहुनेः

(क) कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा तीन तहकै सरकार र गैर सरकारी संस्थाहरुबाट पनि लागत साझेदारी हुने गरी प्रोत्साहन एवं प्रवर्द्धन जन्य क्रियाकलाप सञ्चालन हुने हुँदा एकै लाभग्राही कृषक वा संस्थामा दोहोरोपना नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) उपदफा (क) प्रयोजनको लागि आवेदक/लाभग्राहीले देहायका समयमा अन्य सरकारी एवं गैर-सरकारी

संस्था/निकायबाट सोही प्रकृतीको क्रियाकलापका लागि दोहोरोपना हुने गरी प्रोत्साहन तथा अनुदान नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ ।

(१) आवेदन पेश गर्ने समयमा

(२) सम्झौता गर्ने समयमा

(३) भुक्तानीका लागि निवेदन पेश गर्ने समयमा

**१३. बीमा गराउनु पर्नेः**

गाउँपालिकासँगको लागत साझेदारीमा सञ्चालित कृषि/पशुपन्छी तथा मत्स्य क्षेत्र विकासका कार्यक्रममा बाली तथा पशुपन्छी बीमा गर्न प्रोत्साहन गरिनेछ ।

**१४. प्राथमिकतामा राख्नु पर्नेः**

समितिले दफा ६ उपदफा (ग) को बुँदा नं १ बमोजिम मापदण्ड निर्धारण गर्दा देहाय अनुसारका प्रस्तावहरुलाई विशेष स्थान हुने गरी मापदण्ड निर्धारण गर्नु पर्नेछ।

(क) द्वन्द पिडित, विपद् प्रभावित एवं वैदेशिक रोजगारीबाट फर्किएका र कुनै बाली विशेषको उत्पादन तथा प्रशोधन सम्बन्धी तालिम लिई सो क्षेत्रमा कार्य शुरु गरेका वा गर्न इच्छुक कृषक/कृषि उद्यमीले पेश गरेको प्रस्तावहरु,

(ख) आर्थिक रुपमा विपन्न वर्गको जिविकोपार्जन तथा उत्थानशिलतामा सहयोग पुग्ने गरी प्राप्त हुन आएका प्रस्तावहरु,

(ग)प्राविधिक दृष्टिकोणबाट अनुपयुक्त देखिएको अवस्थामा बाहेक अम्रिसो, अनार, अलैंची, अकबरे, अदुवा, अम्बा, आलु र ओखर (८ 'अ') बालीहरुको क्षेत्र विस्तार र उत्पादन वृद्दी गर्ने उद्देश्य सहित पेश हुने प्रस्तावहरु ।

## १५. दुरुपयोग गर्नेलाई कारवाहीः

(क) साझेदार/लाभग्राहीले यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरुबाट अनुदान रकम वा लागत साझेदारीमा सामग्री लिई दुरुपयोग गरेको पाइएमा सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेछ ।

(ख) उपदफा (क) प्रयोजनको लागि आवेदक/लाभग्राहीले देहायका समयमा प्रोत्साहन रकम वा सहुलियत मूल्यमा सामग्री प्राप्त गरे पश्चात उद्देश्य अनुरुपका कार्य गर्ने र दुरुपयोग नगर्ने गरी प्रतिबद्दता पेश गर्नुपर्नेछ ।

१. सामग्री बुझ्ने/हस्तान्तरणको समयमा

२. भुक्तानीका लागि निवेदन पेश गर्ने समयमा

## १६. विवरण सार्वजनिक गर्नुपर्नेः

यस कार्यक्रम मार्फत लागत साझेदारी भएको वा निशुल्क वितरण हुने सामग्रीहरुमा अनुसूची ८ बमोजिमको विवरण सबैले देख्ने गरी लेख्नुपर्नेछ ।

## १७. बाधा/अड्काउ फुकाउने अधिकारः

यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा/अड्काउ, दुविधा वा कुनै समस्या आइपरेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

# अनुसूची १
## दफा ५ उपदफा (ख) संग सम्बन्धित
## साझेदारले पेश गर्ने संक्षिप्त व्यावसायिक कार्ययोजनाको नमुना

कार्यक्रमको नाम : **एक टोल एक उत्पादन कार्यक्रम**

आ.व.:

लाभग्राही विवरण:

महिला................ पुरुष.................. जम्मा..................

आदिबासी.............जनजाती............दलित...........( ब्राम्हण/क्षेत्री)............ अन्य................

द्वन्द पिडित.............. विपद् प्रभावित....................वैदेशिक रोजगारीबाट फर्किएका............................

ठेगाना : राक्सिराङ्ग गाउँपालिका, वडा नं. : .......... गाउँ/टोल : ..........................................

| |
|---|
| क) संचालन गर्न खोजेको व्यवसाय/कार्यक्रमको नाम :<br>ख) व्यवसायको उद्देश्यहरु<br>१.<br>२.<br>ग) खेती व्यवसायले वातावरण वा समुदायमा नकारात्मक प्रभाव पार्छ/पार्दैन ? .............................<br>घ) भावी योजना: |

खेती/व्यवसाय गर्ने जग्गाको क्षेत्रफल ............... कट्ठा/रोपनी

प्रत्यक्ष रोजगारी संख्या...........

खेती/व्यवसाय गरेको भए, विगत कति वर्ष देखि निरन्तर गरि रहेको? वर्ष........... महिना...........

खेती/व्यवसायको लागि श्रमको व्यवस्थापन : क) पारिवारिक/संस्था ख) वाहिरबाट ग) दुवै

कार्यक्रम सञ्चालनको योजना (सञ्चालन पश्चात देहायको परिमाणको क्षेत्रफल/संख्यामा खेती/पशुपन्छी पालन हुनेछ ।):

| क स | कृषकको नाम थर | कृषि/ पशुपन्छी विवरण | क्षेत्रफल/संख्या | | इकाई | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अहिलको अवस्था | कार्यक्रम सञ्चालन पश्चात | | |
| १ | | | | | | |
| २ | | | | | | |

संक्षिप्त आर्थिक योजना:

| क.स. | आवश्यक सामग्री | इकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| कुल लागत अनुमान रु. | | | | | | |
| गाउँपालिकाको अनुदान रु. | | | | | | |
| लाभग्राहीको स्वलगानी रु. | | | | | | |

**कार्ययोजना पेश गर्नेको**

दस्तखत:

नाम :

छाप:

# अनुसूची २

## दफा ५ उपदफा (ख) संग सम्बन्धित

## प्रतिबद्धता पत्र

राक्सिराङ्ग गाउँपालिकाको मिति ......................................... को सूचना अनुसार **एक टोल एक उत्पादन कार्यक्रम** सञ्चालनको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य र आवश्यक लागत साझेदारी गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा राक्सिराङ्ग गाउँपालिकावाट प्राप्त हुने अनुदान रकम/सामग्री प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा कानुन बमोजिम सहुँला/बुझाउँला ।

<u>साझेदारको तर्फबाटः</u>

दस्तखतः

नामः

पदः

ठेगानाः

सम्पर्क नं.ः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

# अनुसूची ३
## दफा ५ उपदफा (ख) संग सम्बन्धित
## आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु

१. अनुसूची ४ बमोजिमको आवेदन र अनुसूची १ बमोजिमको व्यावसायिक कार्ययोजना
२. संस्था दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि
३. आन्तरिक राजस्व कार्यालयको पान दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. अघिल्लो आ. व. को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
५. टोल विकास संस्थाको निर्णयको प्रतिलिपि
६. आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
७. खेती गरिने जमिनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि (करारमा लिएको जमिन भए करारनामाको प्रतिलिपि- बहुवर्षीय फलफूल खेतीका लागि कम्तिमा १० वर्षको करार हुनुपर्ने)-ऐलानी जमिन भएमा वडा कार्यालयबाट चार किल्ला र क्षेत्रफल सम्बन्धी विवरण खुलेको भोगचलन पत्र
८. चालु आ.व. को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि
९. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र
१०.अनुसूची २ बमोजिमको प्रतिबद्धता पत्र

# अनुसूची ४

## दफा ५ उपदफा (ख) संग सम्बन्धित

## साझेदारले पेश गर्ने आवेदन

मितिः ...................................

**श्री राक्सिराङ्ग गाउँपालिका**

**चैनपुर, मकवानपुर ।**

**विषय : कार्यक्रम माग गरिएको वारे ।**

प्रस्तुत विषयमा राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति ............................................ गते प्रकाशित सूचना बमोजिम **एक टोल एक उत्पादन** कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न इच्छुक भएकाले तपसिल बमोजिमका क्रियाकलाप/सामग्रीहरु माग गरी यो प्रस्ताव पेश गरेका/को छौं/छु ।

| क.स. | आवश्यक क्रियाकलाप/सामाग्री | इकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**स्वघोषणः**

यसै प्रकृतिका कार्यका लागि मैले/हामीले अन्य कुनै सरकार/संघ/संस्थाबाट अनुदान सहयोग लिएको छैन भनी स्वघोषण गर्दछु/गर्दछौ । झुठा ठहरेमा प्रचलित कानुन बमोजिम सहनेछु/बुझाउनेछु ।

**निवेदकः**

दस्तखतः

नामः

पदः

संस्थाको नामः

ठेगानाः

फोन नं.:

छापः

# अनुसूची ५
## दफा ७ उपदफा (क) सँग सम्बन्धित
## कार्यक्रम सञ्चालनका क्षेत्रहरु

(१) उत्पादन प्रवर्द्धन तथा क्षेत्रफल विस्तार गर्न सकिने क्षेत्रःअन्नबाली,

(क) तेलहन बाली,

(ख) दलहन बाली,

(ग)बीउ उत्पादन,

(घ)तरकारी बाली,

(ङ)फलफूल बाली,

(च)पुष्प खेती तथा नर्सरीजन्य व्यवसाय,

(छ) मौरीपालन

(ज)च्याउ खेती

(झ) मसला बाली

(ञ) बाख्रा पालन

(ट)मत्स्य पालन

(ठ)गाई/भैंसी पालन तथा घाँस खेती

(ड)कुखुरा पालन

(ढ)व्यवसायिक कीटपालन

(ण)आवश्यकता अनुसार आर्थिक विकासको सम्भावना बोकेका अन्य क्षेत्रहरु

(२) बजारीकरण प्रवर्द्धन सम्बन्धी क्रियाकलाप गर्न सकिने क्षेत्रः

(क) कृषि उपज संकलन तथा विक्री केन्द्र निर्माण तथा सञ्चालन

(ख) शीत भण्डारण गृह निर्माण तथा सञ्चालन

(ग) पशु वधशाला/मासु विक्री कक्ष निर्माण तथा सञ्चालन

(घ) दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र निर्माण तथा सञ्चालन

## अनुसूची ६

## दफा ७ उपदफा (ग) सँग सम्बन्धित

## कार्यक्रमका क्रियाकलापहरु

१. क्षेत्रफल/संख्या विस्तारका लागि आवश्यक सामग्रीहरु (बीउ, भुरा, पाठा, पाठी, दाना, खाद्यतत्व इत्यादी) खरिद एवं वितरण

२. बाली/पशुधन संरक्षणका लागि आवश्यक सामग्रीहरु (औषधी, विषादी, तथा अन्य आवश्यक सामग्रीहरु) खरिद तथा वितरण

३. सिँचाई पुर्वाधार विकास

४. कृषि सडक निर्माण

५. माटो परिक्षण

६. आवश्यकता अनुसार माटो उपचारका लागि कृषि चुन खरिद तथा वितरण

७. माटोमा जैविक पदार्थ वृद्दीका लागि हरियो मल ढैंचाको बीउ खरिद तथा वितरण
८. आवश्यक यन्त्र/उपकरणहरु खरिद एवं वितरण
९. कृषकस्तरीय तालिम
१०. नश्ल सुधारका लागि प्रजनन् योग्य पशुपंक्षी खरिद तथा वितरण
११. गोठ/खोर निर्माण तथा सुधार
१२. माछा पोखरी निर्माण तथा सुधार
१३. उत्पादनोपरान्त क्षति कम गर्नका लागि आवश्यक क्रियाकलाप एवम् सामग्री खरिद तथा वितरण
१४. कृषि उपजको मूल्य अभिबृद्दी गर्नका लागि ग्रेडिङ, प्याकेजिङ, लेबलिङ र ब्रान्डिङ लगायतका क्रियाकलाप र यसका लागि आवश्यक सामग्री खरिद तथा वितरण
१५. आवश्यकता पहिचान भएका अन्य क्रियापलापहरु

# अनुसूची ७

## दफा १० उपदफा (क) सँग सम्बन्धित

## कार्यक्रमबाट उपलब्ध गराउन सकिने अधिकतम अनुदान

(क) सामान्य उत्पादन सामग्री खरिदका लागि ६० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ ।

(ख) तपसिल बमोजिमका क्रियाकलापहरुका लागि ८० प्रतिशत अनुदान प्रदान गर्न सकिनेछ ।

तपसिलः

१. कषि पूर्वाधार निर्माण

२. प्रजनन्/ब्याड प्रयोजनको लागि पशुपन्छी खरिद तथा वितरण

३. सिँचाई प्रयोजनका लागि मोटर/पम्पसेट खरिद तथा वितरण

४. टनेलमा प्रयोग हुने प्लाष्टिक खरिद तथा वितरण

५. पुँजीगत प्रकृतिका यन्त्र/उपकरणहरु खरिद तथा वितरण

६. कृषि उपज ढुवानीका लागि प्रयोग हुने क्रेट खरिद तथा वितरण

(ग) कार्यक्रमबाट तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्नु परेमा १०० प्रतिशत अनुदानमा सञ्चालन गर्न सकिने छ।

तपसिलः

१. माटो परिक्षणको क्रियाकलापको सम्पूर्ण व्यवस्थापन

२. कृषि चुन खरिद तथा वितरण

३. हरियो मलका लागि धैंचाको बीउ खरिद तथा वितरण

४. तालिम

५. पशु उपचारको लागि औषधी तथा खोप खरिद तथा वितरण

६. घाँसको बीउ/बेर्ना खरिद तथा वितरण

७. बजारीकरण प्रवर्द्धनका लागि ग्रेडिङ मेसिन खरिद तथा वितरण

८. प्याकेजिङ तथा लेबलिङ सहित बजारीकरणका लागि आवश्यक सामग्री खरिद तथा छपाई

९. अन्य प्राविधिक सेवा

# अनुसूची ८
## दफा १७ संग सम्बन्धित
## लागत साझेदारी वा निशुल्क वितरण हुने सामग्रीहरुमा राख्नुपर्ने विवरण

राक्सिराङ्ग गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

आ. व. ...........

एक टोल एक उत्पादन कार्यक्रम

....... प्रतिशत अनुदान प्राप्त

**आज्ञाले**
**देब चन्द्र गतौंला**
**प्रमुख प्रशासकीय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/मुद्रण रु १० मात्र ।**